**आकाशवाणी समाचार- नेपाली**

मितिः ६ जुन २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज जम्मू कश्मीरमा ४६ हजार करोड रुपियाँभन्दा धेरैको विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नु हुनेछ।

२. विदेशमन्त्री डा. एस जय शंकरले आज नयाँ दिल्लीमा भारत-मध्य एसिया संवादको चौथो बैठक आयोजना गर्नु हुनेछ।

३. केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले भारत-यूरोपीय संघ स्वतन्त्र व्यापार सम्झौतालाई तीव्रता दिने भारतको साझा प्रतिबद्धता दोहोऱ्याउनु भएको छ।

४. केन्द्र सरकारले उम्मीद पोर्टल शुरु गर्ने भएको छ, जसको उद्देश्य देशभर वक्फ सम्पत्तिहरूको दर्तालाई सुव्यवस्थित गर्नु हो।

५. भारतकको डी. गुकेशले चेसमा निरन्तर नयाँ इतिहास रच्दै नर्वे चेस प्रतियोगितामा चौथो जित हासिल गरे।

**प्रधानमन्त्री-जम्मू कश्मीर**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज जम्मू कश्मीरमा धेरै विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नु हुनेछ। यी परियोजनाहरूको लागत ४६ हजार करोड रुपियाँभन्दा धेरै छ। यस अन्तर्गत, श्री मोदीले उधमपुर-श्रीनगर-बारामुल्ला रेल लिंक परियोजना देशलाई समर्पित गर्नुहुनेछ। यो २७२ किलोमिटर रेल लिंकमा लगभग ४४ हजार करोड रुपियाँ लागत लागेको छ। यो पूर्ण विद्युतीकृत परियोजनामा ३६ वटा सुरुङ र ९४३ वटा पुलहरू छन्। प्रधानमन्त्रीले आज विश्वको सबैभन्दा अग्लो रेल पुल चेनाब पुल र भारतको पहिलो केबल रेल पुल - अन्जी खडको पनि उद्घाटन गर्नुहुनेछ। श्री मोदीले दुईवटा वन्दे भारत एक्सप्रेस रेलहरूको पनि प्रस्थान गर्नुहुनेछ। यीमध्ये एउटा श्री माता वैष्णो देवी कटराबाट श्रीनगर र अर्को श्रीनगरबाट कटरासम्म हुनेछ। कटरा र श्रीनगरबीच वन्दे भारत रेलहरूको नियमित सेवा भोलिदेखि सुरु हुनेछ।

थप विवरण हाम्रो संवाददाताबाट – **बाइट**

यसबाहेक, प्रधानमन्त्री नरेन्द्र मोदीले विभिन्न सडक परियोजनाहरूको उद्घाटन र शिलान्यास पनि गर्नु हुनेछ। यसले अन्तिम माइल सम्पर्क र विशेष गरी सीमा क्षेत्रहरूमा सम्पर्क बढाउनेछ। श्री मोदीले कटरामा ३५० करोड रुपियाँको लागतमा श्री माता वैष्णो देवी चिकित्सा उत्कृष्टता संस्थानको शिलान्यास पनि गर्नु हुनेछ। यो रियासी जिल्लाको पहिलो मेडिकल कलेज हुनेछ।

**भारत-मध्य एसिया वार्ता**

विदेशमन्त्री डा. एस जय शंकरले आज नयाँ दिल्लीमा भारत-मध्य एसिया संवादको चौथो बैठक आयोजना गर्नु हुनेछ। बैठकमा काजाकिस्तान, किर्गिस्तान, ताजिकिस्तान, तुर्कमेनिस्तान र उज्बेकिस्तानका विदेशमन्त्रीहरू सहभागी हुनेछन्। भारत र मध्य एसियाली देशहरू बीचको सम्बन्धलाई सुदृढ पार्ने, विशेष गरी व्यापार, सम्पर्क, प्रविधि र विकासमा सहयोग बढाउने बारेमा बैठकमा छलफल हुनेछ। क्षेत्रीय सुरक्षा र पारस्परिक हितका अन्य क्षेत्रीय तथा विश्वव्यापी मुद्दाहरूमा पनि छलफल हुनेछ। भारत-मध्य एसिया संवादको तेस्रो बैठक दिसम्बर २०२१ मा नयाँ दिल्लीमा आयोजना गरिएको थियो।भारत र मध्य एसियाली देशहरूमा शताब्दीऔं पुरानो सौहार्दपूर्ण सम्बन्ध रहेको छ। पहिलो भारत-मध्य एसिया शिखर सम्मेलन जनवरी २०२२ मा भर्चुअल रूपमा आयोजना गरिएको थियो।

**भारत-यूरोपीय संघ स्वतन्त्र व्यापार समझौता**

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले भारत-यूरोपीय संघ स्वतन्त्र व्यापार सम्झौता (एफटीए) लाई तीव्रता दिने भारतको साझा प्रतिबद्धता दोहोऱ्याउनु भएको छ। इटालीको आफ्नो आधिकारिक भ्रमणको क्रममा इटाली-भारत व्यापार मञ्चलाई सम्बोधन गर्दै केन्द्रीय मन्त्रीले भन्नु भयो, ३५ दिनभन्दा कम समयमा उहाँले "मेरो साथी व्यापार र आर्थिक सुरक्षाका लागि भारत-यूरोपीय संघको आयुक्त मारोस सेफकोभिक" सँग तीनवटा बैठक गरिसकेका छन्। प्रधानमन्त्री नरेन्द्र मोदी र युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयनले वर्षको अन्त्यसम्ममा भारत-यूरोपीय संघ स्वतन्त्र व्यापार सम्झौतालाई तीव्रता दिन सहमत भएका छन्। इटाली-भारत व्यापार मञ्चमा इटालीका उप प्रधानमन्त्री र विदेश तथा अन्तर्राष्ट्रिय सहयोग मन्त्री एन्टोनियो ताजानीसँग कुरा गर्न पाउँदा खुसी लागेको श्री गोयलले बताउनु भयो। उनीहरूले स्मार्ट उत्पादनको लागि 'उद्योग ४.०' को लागि एक साथ काम गर्ने, स्टार्टअपहरूबीच पुल प्रवर्द्धन गर्ने, प्रविधिमा सहयोग विस्तार गर्ने र अन्तरिक्ष, अटोमोबाइल क्षेत्रहरू आदिमा संयुक्त कार्य समूहहरू स्थापना गर्नेबारे छलफल गरे र सहमति जनाएका छन्।

**सर्वदलीय प्रतिनिधिमण्डल**

कांग्रेस सांसद डा. शशि थरुरको नेतृत्वमा रहेको सर्वदलीय प्रतिनिधिमण्डलले हिजो राति वाशिंगटनमा अमेरिकी उप राष्ट्रपति जे.डी. भान्सलाई भेटेका थिए। आतंकवाद विरुद्धको लडाईदेखि प्राविधिक सहयोग बढाउने जस्ता महत्वपूर्ण मुद्दाहरूमा व्यापक छलफल भएको थियो। श्री थरुरले सामाजिक सञ्जाल पोस्टमा दुई देशहरूबीचको रणनीतिक साझेदारीलाई सुदृढ पार्ने सन्दर्भमा वार्ता रचनात्मक भएको बताउनु भएको छ।प्रतिनिधिमण्डलले अमेरिकामा रहेका भारतीय समुदायका सदस्यहरूलाई पनि भेटेका थिए र आतंकवाद विरुद्ध एकताबद्ध हुने भारतको संकल्प दोहोऱ्याएका थिए। यसले अपरेशन सिन्दूरबाट स्पष्ट भएको देशको नयाँ अडानलाई पनि उल्लेख गरेको थियो। भारतीय प्रवासीले आतंकवादबाट प्रभावित मानिसहरूप्रति समवेदना र भारतको संकल्पप्रति ऐक्यबद्धता व्यक्त गरेका थिए।डा. थरुरले भारतका लागि अमेरिकी राजदूत केन जस्टरसँग आतंकवाद विरुद्धको लडाईंको बारेमा पनि छलफल गर्नु भएको थियो।

**उम्मीद पोर्टल**

केन्द्र सरकारले उम्मीद पोर्टल शुरु गर्ने भएको छ, जसको उद्देश्य देशभर वक्फ सम्पत्तिहरूको दर्तालाई सुव्यवस्थित गर्नु हो। यो पोर्टल वक्फ सम्पत्तिहरूको व्यवस्थापन र नियमन सुधार गर्ने सरकारको प्रयासको एक हिस्सा हो। वक्फ सम्पत्तिहरू इस्लामिक कानून अन्तर्गत धार्मिक वा परोपकारी उद्देश्यका लागि समर्पित धार्मिक सम्पत्तिहरू हुन्। उम्मीद पोर्टलमा पंजीकरणको लागि सम्पत्तिहरूको विस्तृत विवरण, जस्तै यसको मापन र जियो-टैग गरिएको लोकेशन अनिवार्य रूपमा दर्ता गर्नु आवश्यक पर्दछ।वक्फ (संशोधन) ऐन, २०२५ मा विवाद जारी रहेको बेला यो पोर्टल सुरु गरिएको हो। तैपनि, उम्मीद पोर्टलको सुरुवातलाई वक्फ सम्पत्तिहरूको राम्रो व्यवस्थापन, तिनीहरूको दर्ता र प्रशासनमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने दिशामा एक महत्त्वपूर्ण कदम मानिन्छ।सरकारले आशा गरेको छ कि यो पोर्टलले वक्फ सम्पत्तिहरूको दर्ता प्रक्रियालाई सहज बनाउनेछ र यससँग सम्बन्धित विवादहरू पनि कम गर्नेछ।

**आसाम - बाढीको अवस्था**

आसाममा बाढीको अवस्थामा केही सुधार आएको छ भने अन्य उत्तरपूर्वी राज्यहरूमा स्थितिमा थप सुधार आएको छ। आसाममा थप दुईजनाको मृत्युसँगै सिक्किमबाहेक सात उत्तरपूर्वी राज्यहरूमा मृत्यु हुनेको संख्या ४८ पुगेको छ। विभिन्न उत्तरपूर्वी राज्यहरूका आपदा प्रबन्धन अधिकारीहरूका अनुसार २९ मईदेखि सुरु भएको हालको वर्षा र बाढीमा हालसम्म ४८ जनाको मृत्यु भएको छ। यीमध्ये आसाममा कम्तिमा २१ जनाको मृत्यु भएको छ, त्यसपछि अरुणाचल प्रदेशमा १२, मेघालयमा ६, मिजोरममा ५, त्रिपुरामा २ र नागाल्याण्ड र मणिपुरमा एक-एक जनाको मृत्यु भएको छ।आसाम राज्य आपदा प्रबन्धन प्राधिकरणको रिपोर्ट अनुसार, आसामका १९ जिल्लाहरूमा बाढी र वर्षाबाट ५ लाख ६० हजारभन्दा बढी मानिसहरू प्रभावित भएका छन्। बुधबार २१ जिल्लाहरूमा यो संख्या ६ लाख ७९ हजारभन्दा बढी थियो। ब्रह्मपुत्र नदी र अन्य छ नदीहरू - बुरिडिहिंग, कोपिली, बाराक, ढलेश्वरी, कटखल र कुशियारा - धेरै ठाउँमा खतराको चिन्हभन्दा माथि बगिरहेका छन्।

**सरकारको ११ वर्ष**

सेवा, सुशासन र गरीब कल्याणका सिद्धान्तहरूद्वारा संचालित भारतले एक दशकको उल्लेखनीय परिवर्तन ल्याएको छ। आकाशवाणी समाचारले तपाईहरुको लागि प्रमुख क्षेत्रहरूमा विगत ११ वर्षमा सरकारको प्रयासहरूको बारेमा विशेष फिचर लिएर आएको छ। आज, हामी सांस्कृतिक सम्पदा संरक्षण विषयमा ध्यान केन्द्रित छौं - भारतको सभ्यताको गौरवलाई पुनर्जीवित गर्ने एउटा महत्वपूर्ण कुंजी रहेको छ|

**नर्वे चेस प्रतियोगिता**

भारतकको डी. गुकेशले चेसमा निरन्तर नयाँ इतिहास रचिरहेका छन्। उनले नर्वे चेस प्रतियोगितामा आफ्नो चौथो जित हासिल गरे। गुकेशले क्लासिकल प्रतियोगिताको नवौं राउन्डमा चीनका वेई यीलाई पराजित गर्दै जम्मा १४.५ अङ्क बनाए। यससँगै प्रतियोगितामा नर्वेका म्याग्नस कार्लसनसँगको उनको दूरी केवल आधा अङ्कमा झरेको छ। अब प्रतियोगितामा केवल एक राउन्ड बाँकी छ। यदि गुकेशले अन्तिम राउन्डमा जित हासिल गरे भने उनले आफ्नो पहिलो नर्वे चेस उपाधि जित्न सक्छन्।

****** ० ******

****** ० ******